म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १०५ २०८० फागुन २१ गते सोमबार 4 March 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

प्रजातन्त्रका आधारभूत पक्षहरु

- संवैधानिक सर्वोच्चता
- बहुलवादको सम्मान
- विधिको शासन
- शक्ति पृथकीकरण
- आवधिक निर्वाचन
- मौलिक हक
- मानवअधिकार
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास

नेपाल सरकार
विज्ञापन बोर्ड

### अन्तरप्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिता

# प्रधानमन्त्रीले चितवनमा उद्घाटन गर्ने, समापन हेटौंडामा



*प्रधानमन्त्रीलाई प्रतियोगिता उद्घाटनको प्रमुख अतिथिको रुपमा निमन्त्रणा गरिँदै ।*

रविन्द्र वाईबा

हेटौंडाः बागमती प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा आगामी चैत २ गतेदेखि अन्तर प्रदेशस्तरीय राष्ट्रिय खेलकुद प्रतियोगिता सुरु हुँदैछ । चितवनको भरतपुरस्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रतियोगिताको उद्घाटन गर्नुहुनेछ ।

प्रतियोगिताको उद्घाटनमा सहभागिताका लागि प्रधानमन्त्री प्रचण्डलाई आइतबार भेट गरेर निमन्त्रणा गरिएको बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव सूर्यलाल भण्डारीले जानकारी दिनुभयो । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेल, आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ र सामाजिक विकासमन्त्री कुमारी मोक्तानसहित प्रदेश खेलकुद विकास परिषद्का टिम प्रधानमन्त्री प्रचण्डलाई निमन्त्रणा दिन पुग्नुभएको हो ।

प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको सदस्य-सचिव भण्डारीले बताउनुभयो । प्रतियोगिताका लागि प्रदेशले फागुन २४ र २५ गते खेलाडी छनौटका लागि कार्यतालिका सार्वजनिक गरेको उहाँले बताउनुभयो । प्रतियोगितामा लागि ९ विधामा खेलाडी छनौट गरिने उहाँले बताउनुभयो । प्रतियोगितामा भलिबल, फुटबल, क्रिकेट, कराँते, एथ्लेटिक्स, ब्याड्मिन्टन र पौडीका लागि खेल हुने उहाँले बताउनुभयो । प्रदेशले बक्सिङतर्फको खेलाडी भने छनौट गरिसकेको उहाँले बताउनुभयो । प्रतियोगितामा ७ वटै प्रदेशले आ-आफ्नो खेलाडी छनौट गरेर प्रतियोगितामा सहभागी जनाउनेछन् । बागमती प्रदेशले भने विगतमा दुई पटक आयोजना गरेको प्रदेश खेलकुद प्रतियोगिताबाट उत्पादन भएका खेलाडी, नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी खेलाडी, प्रदेशबाट राष्ट्रियस्तरका प्रतियोगितामा प्रतिनिधित्व गरेको र विभिन्न विधाका खेलाडीमध्येबाट छनौट गरिने उहाँले बताउनुभयो ।


प्रदेशभित्रको खेलाडीको पहिचान र खेललाई प्रवर्द्धन गर्न प्रतियोगिता आयोजना गर्न लागेको उहाँले बताउनुभयो । उहाँका अनुसार प्रतियोगिताका लागि सातै वटा प्रदेशबीच समझदारी भएको छ । बागमती प्रदेशले पहिलेदेखि नै प्रतियोगिता आयोजना गर्नका लागि पहल गर्दै आएका कारण बागमतीले पहिलो संस्करणको प्रतियोगिता आयोजना गर्ने अवसर पाएको उहाँले बताउनुभयो । आगामी संस्करणका प्रतियोगिता सबै प्रदेशले पालैपालो गर्ने उहाँले बताउनुभयो । यस पटकको प्रतियोगिताका लागि ६ करोड बजेट विनियोजना भएको सदस्य-सचिव भण्डारीले बताउनुभयो ।

बागमती प्रदेश सरकारको प्रमुख लगानी रहेको गौतम बुद्ध अन्तर्राष्ट्रिय रंगशालालाई प्रचारप्रसार र निर्माणका लागि सबैको चासो पुऱ्याउन प्रतियोगिताको उद्घाटन कार्यक्रम चितवनमा राखिएको उहाँले बताउनुभयो । चितवनमा क्रिकेट खेलको सुरु गरेर प्रतियोगिताको उद्घाटन हुने उहाँले बताउनुभयो । उद्घाटन कार्यक्रममा सातै वटा प्रदेशका मुख्यमन्त्रीहरुको उपस्थिति रहने जनाएको छ । प्रदेशले प्रतियोगिता जिल्लाहरुमा रोटेसन, निर्माणाधीन पूर्वाधारहरुलाई मर्मत र संरक्षण हुने भएकाले यो वर्ष चितवनमा सबैजसो खेल राखिएको उहाँले बताउनुभयो । यसअघि प्रदेश खेलकुद प्रतियोगिता आयोजना गर्दा सबैजसो खेलहरु हेटौंडामा आयोजना गरेको र यस पटक भने चितवनमा बढी खेल राखिएको उहाँको भनाई छ । भरतपुर महानगरपालिकाले अहिले भ्रमण वर्ष आयोजना गरिरहेको हुँदा प्रतियोगिताका लागि महानगरपालिकाले सहयोग गर्ने उहाँले बताउनुभयो ।

प्रतियोगिताको समापन चैत ८ गते हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा हुनेछ । प्रतियोगिता अन्तर्गत महिला र पुरुष दुवैतर्फको खेल हेटौंडामा आयोजना हुनेछ । महिलातर्फको खेल गौरिटार रंगशालामा र पुरुषतर्फको फुटबल खेल पिप्ले-क्याम्पा रंगशालामा आयोजना हुनेछ । फुटबलको फाइनल समापनसँगै प्रतियोगिताको पनि समापन गरिने सदस्य-सचिव भण्डारीले बताउनुभयो । मकवानपुरमा फुटबलको क्रेज बढी पाइएको कारण हेटौंडामा फुटबल खेल राखिएको उहाँको भनाई छ । प्रतियोगिता अन्तर्गत चितवनमा महिला र पुरुष दुवैतर्फको भलिबल, क्रिकेट, तेक्वान्दो, कराँते, एथलेटिक्स, ब्याडमिन्टन र पौडीका खेलहरु आयोजना हुनेछ ।

### २०८१ का लागि निजी विद्यालयको शूल्क प्रस्ताव

# निर्धारित समयमा २७ विद्यालयले बुझाए, १५ विद्यालयले बुझाएनन्



"(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(७) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरमा रहेका ४२ वटा निजी विद्यालयमध्ये २७ वटा विद्यालयले आगामी शैक्षिक सत्रको शूल्क प्रस्ताव उपमहानगरलाई बुझाएको छ । १५ वटा विद्यालयले भने आगामी शैक्षिक सत्रको शूल्क प्रस्ताव पेश गरेको छैन । नगर शिक्षा समितिको गत माघ १६ गते बसेको बैठकले फागुन २० गतेसम्म निजी विद्यालयहरुलाई आगामी शैक्षिक सत्रको शूल्क प्रस्ताव पेश गर्न समयसीमा दिने निर्णय गरेको थियो ।

हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका प्रमुख हरिचन्द्र सापकोटाले नगरमा सञ्चालित ४२ वटा निजी विद्यालयमध्ये आइतबारसम्ममा २७ वटा विद्यालयले आगामी शैक्षिक सत्रका लागि शूल्क प्रस्तावसम्बन्धी विवरण बुझाएको जानकारी दिनुभयो । उहाँका अनुसार १५ वटा विद्यालयले प्रस्ताव पेश नगरेकोले केही समय थप गरेर भए पनि शूल्क प्रस्ताव पेश गर्न समय दिन सकिनेछ । दिइएको समयमै प्रस्ताव पेश नगर्ने र थप समय दिँदा पनि प्रस्ताव पेश गरेन भने के गर्नुहुन्छ भन्ने प्रश्नमा उहाँले ठोस जवाफ दिनुभएन । केही समय थप गरेर छुटेका विद्यालयलाई प्रस्ताव पेश गर्न अवसर दिइने र त्यसपछि प्रक्रियाअनुसार अगाडि बढ्ने सापकोटाको भनाइ थियो ।

निजी विद्यालयले पेश गरेको प्रस्तावलाई पालिकाले आवश्यक अध्ययन, अनुगमन गरी प्रस्तावित शूल्क कार्यान्वयनका लागि आवश्यक निर्णय गर्ने व्यवस्था छ । शिक्षा ऐनले संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शूल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ । अहिले विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय तहलाई छ ।

त्यसरी शूल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधालाई आधार बनाउनुपर्नेछ । कुनै विद्यालयले ऐन विपरित विद्यार्थीसँग कुनै शूल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शूल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गराउन सक्नेछ । ऐन विपरित शूल्क लिने विद्यालयलाई २५ हजार रुपैयाँसम्म जरिवाना गर्न सकिने व्यवस्था ऐनमा छ । निजी विद्यालयले भर्ना, मासिक शूल्कमा मनोमानी गर्ने गरेको भन्दै अभिभावकले गुनासो गर्ने गरेका छन् । निजी विद्यालयले पाठ्यपुस्तक, विद्यालय पोशाकमा पनि मनोमानी गर्ने गरेको अभिभावकको गुनासो छ । अभिभावकको निरन्तरको गुनासो र हँदा पनि स्थानीय सरकारले गम्भीरताका साथ समस्या लिने गरेको छैन ।

# मंगलबार एकसाथ तीन विद्यालय बालमैत्री घोषणा हुँदै

समाज संवाददाता

हेटौंडाः फागुन २२ गते मंगलबार हेटौंडा उपमहानगरका ३ वटा विद्यालय एकसाथ बालमैत्री विद्यालय घोषणा हुँदैछ । हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-८, कमानेस्थित चन्द्रोदय मावि र हेटौंडा-१६, हटियास्थित जनप्रिय मावि बालमैत्री विद्यालय घोषणा हुन लागेको हो ।

बालजागृति निजी विद्यालय हो भने चन्द्रोदय र जनप्रिय सरकारी विद्यालय हो । हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री पालिका घोषणाको तयारी भइरहेका बेला विद्यालयलाई पनि बालमैत्री घोषणा गर्न सुरु गरिएको हो । बालमैत्री पालिका घोषणाको विषयमा विद्यालयहरुले पत्रकार सम्मेलन गरेर जानकारी गराएको छ । हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कुलले गत शुक्रबार पत्रकार सम्मेलन गरेर जानकारी गराएको थियो भने चन्द्रोदय र जनप्रियले आइतबार पत्रकार सम्मेलन गरेर बालमैत्री घोषणाको तयारी पूरा भएको जनाएको छ ।

बालमैत्री विद्यालय घोषणाका लागि आवश्यक तयारी गर्ने क्रममा विद्यालयको भौतिक संरचना बालबालिकामैत्री हुनुका साथै विद्यार्थी र शिक्षकको बोली, व्यवहारमा समेत सकारात्मक परिवर्तन आएको चन्द्रोदय माविका प्रधानाध्यापक जीधराज ढकालले बताउनुभएको छ । वडा अध्यक्ष रामकृष्ण थापाको उपस्थितिमा भएको पत्रकार सम्मेलनमा प्रधानाध्यापक ढकालले विद्यार्थीलाई व्यवस्थापन समितिमा समेत सहभागी गराई बालबालिकाको भावनाअनुसार आवश्यक निर्णय गर्ने गरिएको जानकारी दिनुभयो ।

चन्द्रोय माविले विद्यालय व्यवस्थापन समितिमा कक्षा ८ की छात्रा सलोमी पराजुली र कक्षा ९ का छात्र दिपेन्द्र कुमार रामलाई सहभागी गराएको छ । विद्यालयलाई बालमैत्री बनाउन बजेट र अन्य स्रोत साधनभन्दा पनि व्यवस्थापकीय पक्ष महत्वपूर्ण भएको प्रधानाध्यापक ढकाल बताउनुहुन्छ । बालमैत्री विद्यालय घोषणाको तयारीका क्रममा विद्यार्थीका लागि अतिरिक्त क्रियाकलाप आयोजना गर्दै गर्दा विद्यार्थीको आत्मविश्वास र नेतृत्व क्षमता बढ्दै गएको ढकालको भनाइ छ ।

यस्तै जनप्रिय माविका प्रधानाध्यापक भुपेन्द्र चौलागाईले बालमैत्री विद्यालय घोषणाका लागि निरन्तर प्रयास गरिरहेको र एकसाथ नगरका तीनवटा विद्यालय बालमैत्री घोषणा हुँदै गर्दा जनप्रियले शिक्षक र अभिभावकलाई समेत कक्षागतरुपमा अभिमुखीकरण गराएको जानकारी दिनुभएको छ । हेटौंडा उपमहानगरपालिकाको सामाजिक विकास समितिको संयोजक समेत रहनुभएका वडा अध्यक्ष रामकृष्ण कोइरालाको उपस्थितिमा भएको पत्रकार सम्मेलननमा प्रधानाध्यापक चौलागाईले बालमैत्री अभियान सुरु भएपछि विद्यार्थीको अग्रसरतामा विद्यार्थीको स्वअनुशासन र नेतृत्व क्षमतामा सकारात्मक विकास भएको दावी गर्नुभएको छ । जनप्रिय माविले सृष्टी अधिकारी र प्रख्यातमान लोलाई विद्यालय व्यवस्थापन समितिमा सहभागी गराएको छ ।

हार्दिक बधाई



यस ज्ञानोदय बालबाटिका एकेडेमीबाट २०७४ सालको एसएलसीमा उत्कृष्ट अंक ल्याउन सफल मेधावी छात्रा **इशा श्रेष्ठले** हालै त्रिभुवन विश्वविद्यालयबाट संचालित **बीबीए पाँचौं सेमेस्टरमा ४ जीपीएसहित नेपाल टप** गर्न सफल हुनुभएकोमा हार्दिक बधाई सहित उज्ज्वल भविष्यको कामना गर्दछौं ।

बिन्दु गोर्खाली, प्रिन्सिपल
एवम् ज्ञानोदय बालबाटिका एकेडेमी परिवार
हेटौंडा-२, संगमचोक

हार्दिक आभार



**मकवानपुर अधिकृत बिक्रेता व्यवसायी संघको शनिबार सम्पन्न अधिवेशनबाट** मलाई सर्वसम्मत अध्यक्षमा निर्वाचित गराउनुहुने सम्पूर्ण साधारण सदस्य, अग्रज सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु । साथै व्यवसायीको हितमा मेरो नेतृत्वको समितिलाई निरन्तर क्रियाशील गराउने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

अमित श्रेष्ठ, अध्यक्ष
मकवानपुर अधिकृत बिक्रेता व्यवसायी संघ
हेटौंडा, मकवानपुर

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



## सम्पादकीय

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# समयमै शुल्क निर्धारण होस्

विद्यालय तह (कक्षा १२) सम्मको शिक्षाको अधिकार स्थानीय तहमा आएको करिब ७ वर्ष पुगिसकेको छ । स्थानीय तहले पाएको शिक्षा क्षेत्रको अधिकारहरु भने प्रभावकारीरुपमा प्रयोग गर्न सकिरहेको छैन । स्थानीय तहले संघीय सरकारले उपलब्ध गराउने सशर्त अनुदान र अन्य कार्यक्रम विद्यालयहरुमा पठाउनेबाहेक शिक्षा क्षेत्रको विकासका लागि उल्लेख्य थप कार्यक्रम ल्याउन पनि सकिरहेको छैन । विद्यालयको नियमन र व्यवस्थापनमा गर्नुपर्ने अधिकार क्षेत्रभित्रका कार्यहरुसमेत प्रभावकारीरुपमा गर्न सकेको पाइँदैन । यसको ज्वलन्त उदाहरण संस्थागत (निजी) विद्यालयहरुको शुल्क निर्धारणलाई लिन सकिन्छ । नयाँ शैक्षिक सत्र सुरु हुनुअघि सबै संस्थागत विद्यालयहरुले नयाँ शैक्षिक सत्रका लागि अभिभावकसँग लिने विभिन्न प्रकारका शुल्कको प्रस्ताव स्थानीय तहमा पेश गरेर अनुमोदन गराउनुपर्ने कानुनी व्यवस्था रहेको भए पनि अधिकांश संस्थागत विद्यालयले शुल्क प्रस्तावबिना आफूखुशी शुल्क निर्धारण गर्ने गरेको पाइएको छ ।

संस्थागत विद्यालयहरु लिने विभिन्न प्रकारका शुल्कको बारेमा धेरै गुनासा आउने गरेका छन् । संस्थागत विद्यालयहरुले चर्को शुल्क असुल्ने गरेको भन्दै अभिभावकहरुले समेत बिरोध गर्ने गरेका छन् । विद्यालयहरुले आफूखुशी विभिन्न शीर्षकमा चर्को शुल्क लिने गरेका कारण त्यसलाई रोक्न शुल्क प्रस्तावको व्यवस्था गरिएको हो । स्थानीय तहले आफ्नो अधिकार प्रभावकारीरुपमा कार्यान्वयन गर्न नसक्दा संस्थागत विद्यालयको मनोमानी रोकिन सकेको छैन । हेटौंडा उपमहानगरपालिकामा पनि यस्तो परिपाटी अन्त्य हुन सकेको छैन । उपमहानगर क्षेत्रमा रहेका ४५ वटा संस्थागत विद्यालयले समयमै शुल्क प्रस्ताव पेश नगर्ने र उपमहानगरपालिकाले पनि कुनै निर्णय नगरेकै कारण विगतका वर्षहरुमा निजी विद्यालयको शुल्क निर्धारण र नियमन हुन नसकेको हो । आगामी शैक्षिक सत्र २०८१ का लागि आज फागुन २० गतेभित्र शुल्क प्रस्ताव बुझाउन हेटौंडा उपमहानगरपालिकाले संस्थागत विद्यालयहरुलाई सूचना जारी गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुनेमा विश्वस्त हुन सकिने आधारहरु छैनन् ।


हेटौंडा उपमहानगरपालिकाको नगर शिक्षा समितिको गत माघ १६ गतेको बैठकले संस्थागत विद्यालयहरुलाई शुल्क प्रस्ताव गर्न आह्वान गर्ने निर्णय गरेको थियो । उपमहानगरपालिकाले औपचारिकताका लागि मात्र शुल्क प्रस्ताव आह्वान गर्ने गरेको छ । शुल्क प्रस्ताव गरेका विद्यालयको शुल्क निर्धारणको आधिकारिक जानकारी र प्रस्ताव नै नगरेका विद्यालयको बारेमा भएका निर्णयहरु सार्वजनिक हुने गरेका छैनन् । अझ स्पष्टरुपमा भन्नुपर्दा हालसम्म उपमहानगरपालिकाले कुनै पनि विद्यालयलाई शुल्क प्रस्ताव गर्न बाध्य पार्ने वा कुनै कानुनी कारबाही गरेको जानकारीमा आएको छैन । संस्थागत विद्यालयले चालु शैक्षिक सत्रमा लिइरहेको शुल्क र आगामी शैक्षिक सत्रका लागि प्रस्ताव गरिएको शुल्कको विवरण उपमहानगरपालिकामा बुझाउनुपर्ने र त्यसको अध्ययन गरेर उपमहानगरपालिकाले विद्यालयले लिन सक्ने विभिन्न प्रकारका शुल्क निर्धारण गर्नुपर्ने भए पनि विगतमा संस्थागत विद्यालयले आफूखुशी शुल्क लिने गरेको अभिभावकको समेत गुनासो रहने गरेको छ ।

कतिपय संस्थागत विद्यालयले विद्यार्थी भर्नाको समयमा नै भर्ना तथा अन्य शुल्कको नाममा अभिभावकसँग मोटो रकम असुल्ने गरेको आरोप लाग्ने गरेको छ । संस्थागत विद्यालयहरुले समयमै शुल्क प्रस्ताव नगर्दा र स्थानीय तहले पनि समयमै वैज्ञानिक आधारमा शुल्क निर्धारण नगर्दा वर्षेनि अभिभावक मारमा पर्ने गरेका छन् । समयमै शुल्क निर्धारण नहुनु, हचुवाको भरमा शुल्क तोकिनु, विद्यालयले उठाउने गरेको शुल्कको बारेमा आवश्यक अनुगमन तथा कारबाही नहुनुजस्ता कारणले शुल्कको बारेमा विवाद हुने गरेको छ । शिक्षा नियमावलीमा नयाँ शैक्षिक सत्र सुरु हुनुभन्दा तीन महिनाअघि नै विद्यालयले पेस गरेको शुल्क प्रस्तावअनुसार शुल्क निर्धारण गर्नुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा हेटौंडा उपमहानगरपालिका गम्भीर बन्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ । |
| वृष | : प्रतिस्पर्धी माथि विजय हाशिल हुने समय छ । |
| मिथुन | : पढाइ–लेखाइका क्षेत्रमा सरिक भइने योग छ । |
| कर्कट | : पारिवारीक दायित्व बढ्ने समय योग छ । |
| सिंह | : लेखाइ– पढाइका काममा समय व्यतित होला । |
| कन्या | : धार्मिक यात्रा योग रहने समय रहेको छ । |
| तुला | : परीक्षा र प्रतिस्पर्धामा विजय प्राप्त होला । |
| वृश्चिक | : धार्मिक कृत्यमा सरिक भइने समय योग रहेको छ । |
| धनु | : दार्शनिक विषयप्रति झुकाव बढ्ने समय योग रहेको छ । |
| मकर | : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ । |
| कुम्भ | : वैदेशिक योगबाट लाभ प्राप्त हुने समय छ । |
| मीन | : सामाजिक र धार्मिक कृत्यमा सरिक भइने छ । |

# कर उठाउने मात्र योजना

**सर्वत्र चर्चा छ, यहाँ त लुट र छुट उद्योग राम्ररी फस्टाएको छ, बाँकी व्यवसाय ओइलाएका छन्, निराश छन्, कुण्ठित छन्, चलमलाउने नसक्ने भएका छन्, देशले गर्व गर्दै छ– प्यान कार्ड लिनेको संख्या बढ्यो भनेर । तर, किन र कसरी बाध्य गराइएको छ, आम उपभोक्तालाई अवगत छ ।**



**अच्युतप्रसाद पौडेल 'चिन्तन'**




सरकारले देश विकास गर्ने योजना अघि सार्न सकेको छैन; तर कर बढाउने, कर असुल्ने योजनालाई भने अघि सारेको छ र प्रिबजेट छलफल पनि अझ अघि तानिएको छ अब । देशले जनसांख्यिक लाभ लिन सकेको छैन । छिमेकी देश चीनमा जनसंख्या कम हुँदा उद्योगधन्दामा रोबोटको प्रयोग हुने गरेको छ, हाम्रो जनशक्ति विदेश पोखिएको छ, यहाँ काम नपाएर । अर्का छिमेकी मोदीले चुनावी घोषणापत्रमा जे भनेका थिए त्यही काम गरे र त्यो देश विश्वकै होनहार बन्न पुगेको छ ।

दुई समृद्ध देशका बीचमा तरुल भएर रहेको नेपालका नेताहरूले सम्भ्रान्त देशका राष्ट्र प्रमुखहरूसँग फोटो खिचाउने काम मात्र गरेका छन् । यहाँका प्रधानमन्त्रीले मात्रै होइन; अरू मन्त्री, सचिवलगायत सबैले विदेशीहरूसँग प्रार्थना गरे– नेपालमा विदेशी लगानी गर्नुस् भनेर, केही नीतिगत उल्झन हटे पनि व्यावहारिक, प्रशासनिक, प्रक्रियागत उल्झनहरू ज्यूँका त्यूँ रहे । फलस्वरूप विगत पाँच वर्षमा विदेशी लगानी प्रतिबद्धताको जम्माजम्मी ७.२० प्रतिशत मात्रै रकम नेपालमा भित्रिएको छ । आव ०७५-७६ देखि यतासम्ममा १२ खर्ब १९ अर्ब विदेशी लगानी स्वीकृत भएकोमा जम्माजम्मी ८८ अर्ब मात्रै यहाँ भित्रिएको छ ।

देशमा आयआर्जनका ढोका खुलेपछि कर वृद्धि हुने हो । हाम्रा तमाम यस्ता ढोकाहरू बन्द छन् र विदेशी सामानको आयात गरेर भन्सारबाट ज्यादा कर असुलिएको छ, त्यो पनि पेट्रोलियम पदार्थ वा सवारी साधन आयात गरेर । विगत ६ महिनामा देशले इन्धन आयातबाट मात्रै ५० अर्ब कर उठाएको छ । स्वदेशभित्र प्रशस्त उत्पादन, आयआर्जनका ढोका खुलाएर, बचेको सामान निर्यात गरेर कर संकलन गर्नुपर्नेमा स्वदेशीहरूलाई निर्यात गरेर तिनको विप्रेषण रकम आयात गरेर देशले उल्टो अर्थचक्र चलाएको छ ।

चालु वर्षमा सरकारले १४ खर्ब २२ अर्ब राजस्व उठाउने लक्ष्य लिएको थियो, मध्यावधि समीक्षापछि यसमा प्रगति देखिएन, बजेटको आकार नै २ खर्ब २१ अर्बले कटौती भएको छ । अनुशासन भएको देशमा बजेटको आकार खुम्चिनासाथ सरकार नै परिवर्तन हुन्छ । यहाँ भने सुरुमा बजेट अंक धेरै राख्ने र पछि घटाउने यो परम्परा विगत वर्षहरूदेखि निरन्तर जारी छ । यो वर्षभन्दा अर्को वर्ष राजस्वमा १६.५ प्रतिशतले वृद्धि गर्ने प्रण गरिएको छ । अर्को वर्ष १४ खर्ब राजस्व उठाउने लक्ष्य राखियो । देशमा विकासका धन्दाहरूमा लामो योजना छैन, बरु कर उठाउने कार्यमा भावी तीन वर्षसम्मको सपना देखाइसकिएको छ । आव ०८१-८२ मा राजस्व १४ खर्ब, ०८२-८३ मा १६ खर्ब ३२ अर्ब र ०८३-८४ मा यो वृद्धि गरेर १९ खर्ब १७ अर्ब ५ करोड पुर्याउने लक्ष्य आइसकेको छ ।

हाम्रो अर्थनीतिले अग्रगामी दिशा लिएन, बजेटमा चालु आवको आर्थिक वृद्धिदर ६ प्रतिशत गर्ने भनियो । आर्थिक वृद्धि गर्न आवश्यक न्यूनतम पूर्वाधार के हो, पहिचान भएन, फलस्वरूप अतीतदेखि नै हाम्रो आर्थिक वृद्धिदर सोचेअनुसारको छैन, चालु आवको प्रथम तीन महिनाको वृद्धिदर जम्मा ३.२ प्रतिशत छ, ६ प्रतिशतको लक्ष्यमा आधा मात्र । राजस्व वृद्धि गर्ने लक्ष्यजस्तै सरकारले ०८२-८३ मा आर्थिक वृद्धि साढे ६ प्रतिशत र अझ अर्को साल ०८३-८४ को वृद्धि त ७ प्रतिशत लिने भनेको छ ।

समग्र अर्थतन्त्र शिथिल छ, गाउँ, सहर, बस्ती रित्तिन थालेका छन्, देशको अर्थ राजनीतिमा वर्तमान पुस्ताको चरम निराशा छ, पर्यटकहरू धेरै आए भनिरहँदा होटल, रेस्टुराँहरूमा मन्दी उस्तै छ, निर्माण व्यवसायलगायत शिक्षा, स्वास्थ्य क्षेत्रमा सुधार छैन, उच्च शिक्षा अध्ययनमा विद्यार्थीको भर्नादर घटेको छ, दैनिक उपभोग्य अत्यावश्यक वस्तुहरूको खरिद-बिक्रीमा समेत बजार चहलपहल, देशभित्र न्यून उत्पादन र कमजोर निर्यात, माग र उपभोगमा देखिएको संकुचन अनि नाममात्रको सुशासनको नाराले देश दिन-परदिन खोक्रो भइसकेको छ । आम उपभोक्ताको पीडा बुझ्न नसकेको सरकारले केवल संघीयताका लागि ज्यादासे ज्यादा राजस्व उठाउने मात्र लक्ष्य लिएको छ ।

संघीयता धान्नैका लागि देशलाई ऋणको दलदलमा डुबाइएको छ । जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४ सय ८० छ, जिडिपी करिब ५३ खर्ब ८१ अर्ब ७३ करोडको छ, सार्वजनिक ऋण २३ खर्ब ८६ अर्ब पुगिसकेको छ । अब जिडिपीको अनुपातमा ऋण ४४.३६ प्रतिशत भइसकेको छ, जिडिपीको आधा ऋण हुनु नराम्रो पक्ष हो । संघीयताका चरणहरूमा आव ०७५-७६ मा १० खर्ब ४८ अर्बको ऋण थियो, अर्को वर्ष ०७६-७७ मा बढेर १४ खर्ब ३२ अर्ब र अर्को वर्ष बढेर ०७७-७८ मा १७ खर्ब ३७ अर्ब अनि आव ०७८-७९ मा २० खर्ब १३ अर्ब पुग्यो । चालु वर्ष विगत सात महिनामा सरकारले २ खर्ब ४३ अर्ब ६० लाख ऋण उठाइसकेको छ । विदेशी लगानी आकर्षित गर्न नसकेझैं सरकारले विदेशी ऋण पनि आकर्षित गर्न सकेको छैन, आन्तरिक ऋणमा व्यापक वृद्धि छ । हालको सात महिनामा बाह्य ऋण केवल ५२ अर्ब १२ करोड छ ।

सरसर्ती हेर्दा वार्षिक बजेटभन्दा देशको ऋण ९ खर्ब ६० अर्बले बढी छ, पछिल्लो पाँच वर्षको मात्र आँकडा हेर्दा पनि ऋणको भार दोब्बरले बढी भएको छ । यो क्रम जारी रहे अबको पाँच वर्षमा देश पूरै डुबानमा पर्नेछ, अहिले नै गीतमा भन्ने गरिएको छ, मेरो देश डुब्नै लाग्यो, माझी बचाऊ भनेर । देश हाँक्ने गतिलो नेतृत्व नै पाइनन् नेपाली आमाले, यति सानो भूगोल भएको देशमा हजारौँ सरकार किन आवश्यक परेको ? यही प्रणालीले भनेको चालु योजनाको अन्त्यमा गरिबी सिंगल डिजिटमा झार्ने भनेर, सकिन लाग्यो यो योजना, गरिबी ५९ लाख ६० हजार जना भएको तथ्यांक आएको छ, भनौं २० प्रतिशत बढी । देशलाई दिवास्वप्नमा राखिरहने र दल आबद्ध मान्छेलाई रोजगारी दिइरहने, बाँकी जनजीवन कष्टकर बनाउँदै जाने राजनीतिले कुन मोड लिन्छ हेर्न बाँकी नै छ, तमाम व्यवसायीहरूको मुखबाट यही सुन्ने गरिएको छ ।

देशमा भएका उद्योग, कलकारखाना धमाधम बिक्री भए । भृकुटी कागज ०४९ कात्तिकमा जम्मा २२ करोड ९८ लाखमा, सोही वर्ष कात्तिकमा हरिसिद्धि इँटा-टायल २१ करोड ४८ लाखमा, बाँसबारी छालाजुत्ता सोही वर्ष २ करोड ९८ लाखमा, बालाजु कपडा उद्योग ०५० सालमा १ करोड ७७ लाखमा, काँचो छाला संकलन सोही वर्ष ७९ लाखमा, बुटवल पावर ०५९ मा ८७ करोड ९२ लाखमा, भक्तपुर इँटा-टायल ०६० मा १ करोड ४५ लाखमा । यस्ता अरू पनि छन् बिक्रीमा परेका, ०४६ को परिवर्तनपछि निजीकरणका नाममा तमाम उद्योग, कलकारखाना, औद्योगिक क्षेत्रहरू तहसनहस भए, जो बाँकी रहे, राजनीतिकर्मीहरूको प्रवेशकेन्द्र बन्यो, विद्धत् क्षेत्र प्रज्ञाभवनसमेत राजनीतिकर्मीहरूको पार्टी प्यालेस बन्यो ।

अर्थव्यवस्थालाई कमजोर पार्ने राजनीतिको सुनियोजित रणनीति यसरी स्पष्ट हुन्छ । सशस्त्र द्वन्द्व, नेपालजस्तो विषम परिवेशको देशमा त्यो पनि दशकभरि र एकले अर्कोलाई शत्रुवत् ठान्नेहरू नै गला जोडी देशलाई भागबन्डा गर्ने कार्यमा मित्रवत् भएको अवस्था छ । पूरै थाइल्यान्डलाई थाइल्यान्ड बनाउने, चीनलाई चीन बनाउने, सिंगापुरलाई सिंगापुर बनाउने, मलेसियालाई मलेसिया बनाउने, भारतलाई भारत बनाउने पनि राजनीतिकर्र्मीहरू नै हुन् । त्यताको जस्तो सुधारको संकेत यहाँ पाइएको थियो भने यहाँका राजनीतिकर्मीहरूको आलोचना गरेर समय खेर फाल्नुपर्ने थिएन ।

सर्वत्र चर्चा छ, यहाँ त लुट र छुट उद्योग राम्ररी फस्टाएको छ, बाँकी व्यवसाय ओइलाएका छन्, निराश छन्, कुण्ठित छन्, चलमलाउनै नसक्ने भएका छन्, देशले गर्व गर्दै छ– प्यान कार्ड लिनेको संख्या बढ्यो भनेर । तर, किन र कसरी बाध्य गराइएको छ, आम उपभोक्तालाई अवगत छ । देश रोगग्रस्त छ, भयमुक्त छैन, दैलोको सरकार कर उठाउन व्यस्त छ, यो वर्ष विगत तीन महिनाको नालीबेली गर्दा देशका तमाम राजनीतिकर्मीहरू कुनै न कुनै धार्मिक अनुष्ठानमा सहभागी भएको पाइएको छ, दैलो सरकारका पालिकाका प्रमुख र वडाअध्यक्ष अनि सदस्यहरू भजनकीर्तनमा ताँती नै लागेर बसेका छन्, कैयन् ठाउँमा भागवत्, कोटीहोम, एकाह, लक्षवर्तीका बिहे र पास्नीभोज त कति हो कति !

बागलुङमा एक बाबाले त प्रदेश सरकारको मन्त्रिपरिषदको बैठक नै उतै कर्षण गरिदिए । अचम्म छ यत्रो ताँती लाग्नु थियो भने विदेशीको इसारामा देशलाई किन धर्मनिरपेक्ष गरेको ? निरपेक्षको अर्थ हुन्छ अपेक्षा नराख्नु, अपेक्षा नराख्ने भएपछि सरकारी ढुकुटी यसमा किन खर्च गर्ने ? ठूलो भनिएको दल नेपाली कांग्रेस अहिले हिन्दू धर्म चाहिन्छ भन्दै बहस गराउँदै छ, पहिले आफैंले बाटो बिराएको हो, दूरदर्शिता भएन भने कुनै नेतृत्वले पनि देशलाई भड्खालोमै धकेल्ने हो । विश्वमा एकमात्र देश हिन्दू राष्ट्र हुँदा कसैलाई घाटा थिएन र संसारका सवा अर्ब हिन्दू र अर्बौं बुद्धिष्टहरूले जीवनमा एकपल्ट यो देश मोक्षधाम भन्दै आउँदा पर्यटकद्वारा कति आर्थिक सहयोग हात लाग्थ्यो देशलाई, अब सपना मात्रै देखेर के गर्ने ?

स्वधर्ममा नबस्दा परचक्रीले खेदो खन्छन्, मुर्रा राँगाभैंसीको चर्चा यसअघि भएको पनि थिएन । देशको सिँदूर, सौभाग्य, राष्ट्रिय पोसाक किन छोडियो ? तमाम यहाँका चाडपर्वका सरसामग्री खाद्य, पेय सबै विदेशबाट आयात किन हुन्छ त ? आफ्नो उत्पादन, आफ्नो रोजगारी, आफ्नो माटो सिँगार्ने काम यहाँ भएन, नजानिँदो रूपमा बिजुली सम्झौता भन्दै सबैजसो नदीनाला गुम भइसकेको अवस्था छ, विमानस्थल चलाउन ठेक्कामा दिने कुरा बाहिर आइरहेको छ । भएका विमानस्थलले काम पाएका छैनन्, नयाँ बनाउने हतारो छ ।

बचतकर्ताहरूको ओठमुखै सुक्ने गरी ब्याजदर घटेको छ, बैंकहरूमा तर लता वृद्धि छ, ऋणीहरू कोही सकारात्मक देखिन्नन् । व्यवसायी घाटामा जाने, बैंकहरू मुनाफामा देखिने अचम्मको अर्थतन्त्र छ देशमा । गरिबी निवारणका लागि आएका लघुवित्त र सहकारीहरूले उल्टै गरिब बनाए भन्दै सडकभरि विरोधको स्वर छ, साढे पाँच दशककै कम राजस्व उठ्यो गत आवमा, यसपालि थोरै वृद्धि हुँदा अर्थतन्त्र सुधार भनियो, सुधारका सूचकांक कसरी बने अन्योल छ, कम राजस्व उठेकै कारण देशले बजेटको आकार घटायो, आफैंले पेस गरेको बजेट आफैंले घटाउनु भनेको अर्थतन्त्र नाजुक अवस्थाको हुने हो, सरकार असफल भएको गतिलो प्रमाण हो यो । राजस्वको परिचालन पनि गठबन्धन जोगाउने कार्यमा देखिन्छ, अरूले त्यहाँसम्म प्रवेश नै पाउँदैनन्, विकास खर्च गर्नै सकिएको छैन, सेक्टरल मिनिस्ट्रीहरूमा समन्वय छैन, एउटाले बनाउँदै जान्छ, अर्कोले भत्काउँदै जान्छ । बाटो देखाउने बुद्धिजीवीहरू नै सरकारका लागि अभिशाप भएका छन् ।

निगालोको टेको लिएको अर्थतन्त्र ढुलमुलिन कुनै बेर लाग्दैन । विकास खर्चभन्दा बढी ऋणको भुक्तानी हुँदै छ, आफैँले बचत गरेर आफैंले लगानी गर्नुपर्ने विकास भनौं समृद्धिको मान्यता हो । कृषिप्रधान भनिएको देशमा छिमेकीले खाद्यान्न निकासीमा रोक लगाउने निर्णय गरेको एक घण्टाभित्र यहाँको बजार अस्तव्यस्त हुन्छ, उपभोक्ताको ओठमुख सुक्छ, सरकारी आयल निगमले तीन महिना स्टक भन्छ, नाकामा इन्धन आपूर्ति बन्द भएको निमेषभित्रै यहाँका पम्पहरूमा जात्रा सुरु हुन्छ । सुशासनको अभाव छ, राजनीतिकर्मीहरू चोखिने, कर्मचारीहरू बलिको बोका हुने दर तीव्र वृद्धि भएको छ । एकले अर्कालाई खुइल्याउने, दोषारोपण गर्ने, आफू जिम्मेवारीबोध नगर्ने परिपाटी लोकतन्त्रमा सुहाउने विषय होइन ।

हाम्रो संस्कार मासिएको छ, संस्कृति भासिएको छ, पुनरुत्थान कसले गर्ने हो, स्पष्ट छैन । महायज्ञमा गएर बाबाहरूले लगाइदिएको माला लगाएर देशको समृद्धि हुने थियो भने देश उहिल्यै सत्ययुगमा पुगिसक्थ्यो, जनक, सीता, बुद्ध, शिवको देशमा यत्राविधि वितण्डा, रडाको, तहसनहस, मारकाट, दिनदिनैको आपराधिक कर्म नै किन हुन्थ्यो, ठीकै भनेछन् पुर्खाले कि देशलाई सतीले सरापेको छ भनेर । देश निर्माणको काममा हिम्मत देखाउने सपूतहरू नेपाली आमाले जन्माउन सकिनछन्, अरूले स्वाद लिएको टुलुटुलु हेर्न नसकेर बरु विदेश पलायन हुने सन्ततिहरू धेरै जन्माइछन् ।

*(स्रोतः कारोबारदैनिक)*

# शहबाज सरिफ बने पाकिस्तानको प्रधानमन्त्री



काठमाडौं: पाकिस्तानको प्रधानमन्त्रीमा शहबाज सरिफ चुनिएका छन्। पाकिस्तान मुस्लिम लिग नवाजबाट उनी प्रधानमन्त्री बनेका हुन् । उनलाई बिलावल भुट्टोको पार्टी पाकिस्तान पिपुल्स पार्टीले समर्थन गरेको छ। पाकस्तानीको नेशनल एसेम्ब्लीमा आइतबार भएको प्रधानमन्त्रीको मतदानमा उनले २०१ मत प्राप्त गरे । तेहरिक-ए-इन्साफ समर्थित उम्मेदवार उमर अयुबले ९२ मत मात्र पाए ।

पाकिस्तान मुस्लिम लिग-नवाज हालै सम्पन्न निर्वाचनमा ७५ सिट जितेर दोस्रो भएको थियो। तहरीक-ए-इन्साफका अध्यक्ष इमरान खान भ्रष्टाचार आरोपमा जेलमा परेका र उनको पार्टीलाई चुनाव लड्नै प्रतिबन्ध लगाइएको थियो। पार्टीले चुनाव लड्न नपाए पनि तहरीक-ए-इन्साफले समर्थन गरेका स्वतन्त्र उम्मेदवारहरू ९० भन्दा बढी सिट जितेर सबैभन्दा ठूलो समूहको रूपमा उभिएका छन्। पाकिस्तान पिपुल्स पार्टी ५४ सिटका साथ तेस्रो स्थानमा रह्यो भने एमक्यूएम पाकिस्तानले १७ सिट ल्याएको थियो ।

शेहराज सरिफ दोस्रो कार्यकालका लागि प्रधानमन्त्री बनेका हुन् । यसअघि अविश्वासको प्रस्ताव मार्फत इमरान खानलाई प्रधानमन्त्रीबाट हटाएर उनी १६ महिना प्रधानमन्त्री बनेका थिए । उनी पहिलो पटक प्रधानमन्त्री बन्दा उनका दाजु तथा पूर्व प्रधानमन्त्री नवाज सरिफ देशमा उपस्थित थिएनन् । तीन पटक प्रधानमन्त्री बनेका नवाज सरिफ लण्डनमा थिए र त्यतिबेला उनको हैसियत चुनाव लड्न वा कुनै सरकारी पदमा बस्न योग्य नभएको सजाय पाएको अपराधीको जस्तो थियो ।

तर यसपटक नेशनल एसेम्ब्लीमा प्रधानमन्त्रीका लागि भएको मतदानका क्रममा शाहबाज सरिफ प्रधानमन्त्री पदका उम्मेदवारका रूपमा बसिरहेका बेला नवाज सरिफ उनको नजिकै सदनमा उपस्थित थिए । नेशनल एसेम्ब्लीको सदस्यका रूपमा नवाज शरिफले आफ्ना भाइ शहबाज सरिफलाई दोस्रो पटक पाकिस्तानको प्रधानमन्त्री बनेको हेरिरहेका थिए । सन् १९९७ पछि नवाज सत्तामा थिए । नवाज सरिफ चुनाव जितेर पनि प्रधानमन्त्री बन्न सकेनन् भन्ने कहिल्यै भएन । उनी हरेक पटक प्रधानमन्त्री बने र शाहबाज सरिफ पञ्जाब प्रान्तको मुख्यमन्त्री भए । शाहबाजले करिब तेह्र वर्ष पञ्जाबमा मुख्यमन्त्रीको रूपमा शासन गरेका थिए । स्रोत: अनलाइनखबर ।

# अधिकृत बिक्रेता संघमा श्रेष्ठ सर्वसम्मत



समाज संवाददाता

हेटौंडा: मकवानपुर अधिकृत बिक्रेता व्यवसायी संघको अध्यक्षमा अमित श्रेष्ठ सर्वसम्मत निर्वाचित हुनुभएको छ। शनिबार सम्पन्न निर्वाचन कार्यक्रमबाट श्रेष्ठको अध्यक्षतामा नयाँ समिति चयन गरिएको हो । श्रेष्ठ यसअघि उपाध्यक्ष हुनुहुन्थ्यो । समितिका पदाधिकारी सर्वसम्मत निर्वाचित भए पनि ४ जना खुला सदस्य चयनका लागि भने मतदान भएको थियो ।

संघको उपध्यक्षमा राजेन्द्र लामिछाने, महासचिवमा सुदर्शन पाठक, कोषाध्यक्षमा दिपेशमणि भण्डारी, सचिवमा अंकित खतिवडा र महिला सदस्यमा पुजा अग्रवाल सर्वसम्मत निर्वाचित हुनुभयो । खुलातर्फ ४ जना सदस्यमा भने निर्वाचनबाट विशाल दाहाल, रुपक कुमार बर्नवाल, अब्देश केशरी र सरोज सिवाकोटी निर्वाचित हुनुभयो । खुला सदस्यमा ८ जना उम्मेदवार थिए ।

साधारणसभाको उद्घाटन कार्यक्रम निवर्तमान अध्यक्ष पवन कुमार अग्रवालको अध्यक्षता तथा हेटौँडा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । संघले निर्वाचनको कार्यक्रम शुक्रबारबाटै सुरु गरेर उम्मेदवारी दर्ताको प्रक्रिया पूरा गरेर शनिबार निर्वाचनको अन्तिम कार्य गरेको थियो। नवनिर्वाचित समितिको कार्यकाल २ वर्षको हुनेछ । मकवानपुर अधिकृत बिक्रेता व्यवसायी संघमा ७२ जना सदस्य छन् ।

# ७९ जनाको नि:शुल्क स्वास्थ्य जाँच

समाज संवाददाता

हेटौंडा: मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको चन्द्रगढी आधारभूत स्वास्थ्य सेवा केन्द्र, चखेलमा महिलाहरुको लागि नि:शुल्क स्वास्थ्य जाँच गरिएको छ। शिविरमा ८९ जना महिलाको स्वास्थ्य जाँच गरिएको इन्द्रसरोवर गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख मन्नुनाथ अधिकारीले जानकारी दिनुभयो ।

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा गाउँपालिकामा गर्भवती महिलाहरु तथा ३० देखि ६० वर्षसम्मका महिलाहरुलाई लक्षित गरी कार्यक्रमको आयोजना गरिएको हो। शिविरमा महिलाहरुको पाठेघर खस्ने, पाठेघरको मुखको क्यान्सरको जाँच, स्तन क्यान्सरको जाँच, बाँझोपनाको परामर्श, अब्स्टेट्रिक फिस्टुलाको जाँच र पाठेघरको संक्रमणको जाँच तथा गर्भवती महिलाहरुलाई गर्भजाँच साथै ग्रामीण भिडियो एक्स-रेको सेवा प्रदान गरिएको थियो ।

गाउँपालिकाले ५ दिने शिविरको आयोजना गरेको थियो। कार्यक्रमको पहिलो दिन चन्द्रगढी आधारभूत स्वास्थ्य सेवा केन्द्र, चखेलमा भएको छ भने आज सोमबार मार्खुको मार्खु स्वास्थ्य चौकीमा हुने अधिकारीले बताउनुभयो । मंगलबार फाखेलको फाखेल स्वास्थ्य चौकी, बुधबार सिस्नेरीको सिस्नेरी स्वास्थ्य चौकी र बिहीबार खानीखेतको कुलेखानी स्वास्थ्य चौकीमा कार्यक्रम आयोजित गरिएको छ । गाउँपलिकाको विभिन्न वडा तथा स्थानमा कार्यक्रम गर्ने भएको छ । शिविरमा गाउँपालिकाले ३ सयभन्दा बढीको लक्ष्य बनाएको छ ।

# जाल्पादेवीमा खेलकुद कार्यक्रम

समाज संवाददाता

हेटौंडा: मकवानपुरगढी गाउँपालिका-६, डुम्रेकुनास्थित जाल्पादेवी माध्यमिक विद्यालयमा खेलकुद कार्यक्रम सम्पन्न भएको छ । शुक्रबार विद्यालयले शैक्षिक वर्षको अतिरिक्त क्रियाकलाप अन्तर्गत खेलकुद कार्यक्रमको आयोजना गरेको विद्यालयका प्रधानाध्यापक राजु प्रसाद गौतमले जानकारी दिनुभयो ।

कार्यक्रममा चार सदन बीच भलिबल प्रतियोगिता भएको थियो । प्रतियोगितमा गण्डकी सदन प्रथम, कोशी सदन द्वितीय र मेची सदन तृतीय भएका थिए । प्रथम, द्वितीय र तृतीय टिमलाई मेडल वितरण गरिएको थियो। कार्यक्रममा सहभागी सबै विद्यार्थीलाई विद्यालयले कपी वितरण गरेको थियो ।

कार्यक्रममा पूर्व प्रधानाध्यापक शिव प्रसाद पाण्डेको अध्यक्षता तथा विद्यालयका प्रधानाध्यापक राजु प्रसाद गौतम प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा शिक्षक भवनाथ गौतम र खेलकुद शिक्षक शान्तिमाया स्याङ्बो लगायतको उपस्थिति रहेको थियो ।

# ९२ वटा वडाको सिमाना हेरफेरको प्रस्ताव


काठमाडौं: विभिन्न स्थानीय तहले ९२ वटा वडाहरुको सीमा हेरफेरको प्रस्ताव गरेका छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा स्थानीय तहरुले निर्णयका लागि भन्दै यस्तो प्रक्रिया पूरा गरेर प्रस्ताव पठाएका हुन् ।

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ मा सम्बन्धित वडाको सिफारिसमा वडाको सिमाना र संख्या हेरफेर गर्न स्थानीय तहको गाउँ वा नगर सभाको बहुमतले निर्णय गर्न सक्ने व्यवस्था छ । तर सरकारले अहिलेसम्म यस्ता प्रस्तावमा निर्णय गरेको छैन । नेपाल सरकारले गाउँपालिका तथा नगरपालिकामा रहने वडाको सिमाना र संख्या निर्धारण गर्ने व्यवस्था छ। वडाको संख्या निर्धारण गर्दा नेपाल सरकारले गाउँपालिकामा कम्तीमा ५ र बढीमा २१ वडा तथा नगरपालिकामा कम्तीमा ९ र बढीमा ३५ वडा हुने गरी निर्धारण गर्नुपर्ने व्यवस्था छ । जनसंख्या तथा जनसंख्या वितरणको अवस्था, भौगोलिक निरन्तरता, अनुकूलता तथा विशिष्टता, भाषिक, सांस्कृतिक तथा सामाजिक विशिष्टता, सेवा सुविधा वितरणको अवस्था र सुगमता, विद्यमान भौतिक पूर्वाधारका आधारमा यस्तो सिमाना हेर फेर गर्न सकिने व्यवस्था छ। तर, यति मात्रै व्यवस्थाका भरमा नेपाल सरकारले निर्णय गर्न नसक्ने देखिएपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको वडा विभाजन र सिमाना परिवर्तनका लागि आवश्यक मापदण्ड तथा कार्यविधि तर्जुमा गर्ने निर्णय गरेको छ। स्रोत: अनलाइनखबर ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग
वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर
सिलबन्दी दरभाउपत्र आव्हानको सूचना
प्रथम पटक प्रकाशित मिति: २०८०।११।२१
यस केन्द्रको आ.व. २०८०।०८१ को निर्माणसम्बन्धी सिलबन्दी दरभाउपत्र नं PRC/MAK/SQ/WORK/2080/081-01 सार्वजनिक खरिद तथा अनुगमन कार्यालय (PPMO) को वेबसाइट https://www.bolpatra.gov.np/egp/ मा प्रकाशित गरिएकोले विस्तृत विवरण सोही वेबसाइटमा हेरी तोकिएको समयभित्र E-Bid मार्फत सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।
कार्यालय प्रमुख

# बालजागृतिका विद्यार्थीको आवाज

## जलचक्र






श्रीमद् पुडासैनी

माथि दिइएको चित्र जलचक्रको बारेमा हो । यस चित्रमा जलचक्रको व्याख्या स्पष्ट रुपमा देखिएको छ । जलचक्रमा सूर्यको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जलचक्र जल विज्ञान चक्रको रुपमा पनि मानिन्छ । माथि दिइएको पहिलो चित्रमा नदी/खोलामा रहेको पानीलाई सूर्यको किरणद्वारा सोसिरहेको छ ।

दोस्रो नम्बरको चित्रमा पानी बाफको रुपमा माथि गइरहेको छ। जुन बाफ माथि गएर बादलको रुपमा परिणत हुन्छ र त्यहि बादल पछि गएर वर्षाको रुपमा जमिनमा खोला, नदी र ताल तलैयाहरु भएर निस्किन्छ । माथि दिइएको चित्र नम्बर ३ मा जलचक्रको अन्तिम चरण जहाँ पानीको बाफ वर्षापछि नदिको रुप देखाएको छ। यसरी माथिको चित्र नम्बर १, २ र ३ ले हामीलाई जलचक्रको बारेमा बुझाउन खोजेको छ ।

*कक्षा-४*

## पानी



अग्रिमा आर्चाय


थोपा थोपा मिली बन्छ सागर
पानी हो हाम्रो जीवनको आधार
पानी बिना बाँच्दैनन् जीवन र फूल
पानीलाई फोहोर गर्ने नगर है भुल ।।

हिमाल हो पानीको मुख्य मुहान
पानी चाहिन्छ हामीलाई साँझ र बिहान
पृथ्वीमा छ जमिन भन्दा धेरै पानी
पानी बिना चल्दैन हाम्रो जिन्दगानी ।।

हामीले बाल्ने बिजुली नि पानीबाटै बन्छ
पिठो पिस्ने घट्ट पनि पानीबाटै चल्छ
पानीबाटै हामीहरु सरसफाई गर्छौं
पानी पिउन नपाएमा हामी सबै मर्छौं ।।

*कक्षा-४*

## वृत्तचित्र हाइस्कुल समीक्षा



योगेश ढकाल

मिति २०८०/११/१७ गतेका दिन बालजागृति इङ्लिस सेकेन्डरी स्कुलले हामी कक्षा ४ देखि ८ कक्षासम्ममा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई नेपाली कथानक वृत्तचित्र "हाइ स्कुल" अवलोकन गराउने व्यवस्था मिलाएको थियो । विद्यालय परिसर नजिकै रहेको कालिका पार्टी प्यालेसमा अवलोकनको व्यवस्था मिलाइएको थियो । ४ कक्षादेखि ८ कक्षासम्मका लगभग ४०० जना विद्यार्थी र १० जना शिक्षक शिक्षिकाको उपस्थिति रहेको त्यस पार्टी प्यालेसको हल खचाखच भरिएको थियो ।

झण्डै डेढ घण्टाको वृत्तचित्र भित्र एउटा सम्पन्न परिवारको कथा, शैक्षिक उन्नति र प्रगतिका लागि अहोरात्र खटिरहने एक इमान्दार प्रधानाध्यापकको कथा, स्कुले जीवन बिताइरहेका विद्यार्थीहरूका कथा र सम्पत्तिको आडम्बरमा परेका अर्को एक खलपात्रको कथा लगायत अन्य सानातिना समस्या र व्यवहारहरुलाई समेटेको पाइन्छ ।

प्रमुख पात्रका रूपमा देखिएका टेक्सास विद्यालयमा अध्ययनरत एक विद्यार्थी अमरसिंह बस्नेत विद्यार्थीको भूमिकामा उभिएका छन्। एक सम्पन्न र संयुक्त परिवारमा हुर्किएका मुख्य पात्र अमरसिंह बस्नेत घरभित्र हुने पारिवारिक झगडाका बीच हुर्किएका पात्र हुन्। संयुक्त परिवारभित्र बसेकाले आफ्नो बुबा र ठूलो बुबाबीच सधैँ जसो सम्पत्तिका निहुँमा घर झगडा भइरहन्छ । यसको प्रत्यक्ष असर खेपेका अमरको साथीभाइ र शिक्षकहरूसँग उति राम्रो व्यवहार र सम्मान देखिँदैन । त्यसैले अमर आफ्ना शिक्षकहरूसँग मुखमुखै लाग्ने, अभद्र व्यवहार गर्ने र साथीहरूसँग पनि त्यस्तै रुखो बोली र व्यवहार गर्ने गर्दछन् ।

वृत्तचित्रमा देखिएका अर्को सशक्त पात्र विद्यालयका प्रधानाध्यापक हुन् । प्रधानाध्यापक शैक्षिक गुणस्तर र शैक्षिक उन्नयनका लागि शैक्षिक संस्थालाई आर्थिक संकटबाट बचाउनका लागि आफ्नै घर-जग्गा बैंकमा धितो राख्न समेत तयार हुन्छन्। विद्यार्थीलाई सही बाटोमा ल्याउन गरेको प्रधानाध्यापकको मिहिनेत साँच्चै नै प्रशंसा गर्न लायक रहेको छ। सवारी दुर्घटनामा परी आमाबुबा गुमाएको अमरलाई उसकै ठूलो बुबाले घरबाट निकालिदिँदा कुनै प्रधानाध्यापकले अभिभावक बनेर सहारा दिएका छन् । यसले गर्दा प्रधानाध्यापकको सकारात्मक व्यवहारले यस वृत्तचित्रलाई अझ उत्कृष्ट बनाएको छ ।

आफ्नो भाइ बुहारीको दुर्घटनामा परी मृत्यु भएपछि एक्लो बनेको आफ्नो भतिज अमरलाई घरबाट निकालिदिएर अमरको ठूलो बुबाले भएजति सम्पत्ति सबै आफ्नो बनाएको दृश्यले दिमागमा अन्यायको विरुद्ध लड्नुपर्छ भन्ने आवाज उठिरह्यो । अमर यसै भाग्नु हुँदैन भन्ने लागेको थियो । तर पछि चलचित्रले अन्तिम विश्राम लिँदै गर्दा खलपात्रका रुपमा देखिएका अमरका ठूलो बुबा शारीरिक पक्षघातका कारण अचेत अवस्थामा पुगेको दृश्यले भने मनलाई बल्ल शान्ति मिल्यो ।

अन्तमा मानिसको खुसी सम्पत्तिले होइन माया र ममताले मिल्छ भन्ने सन्देश दिन सफल यस वृत्तचित्रले अनाथ आश्रममा गएर आफ्नो पर्व र उत्सव मनाएर दुखेको मनलाई हँसाउन सक्नु नै ठूलो धर्म हो भन्ने विचार व्यक्त गरेको छ। कतै कतै कथा र त्यसले दिने सन्देश स्पष्ट हुन सकेको छैन। विद्यार्थीको काम कर्तव्य अनुशासनका कुरा व्यवहार र उसमा हुनुपर्ने संस्कार बारे त्यति प्रष्ट भएको पाइएन। घरको संस्कार के हो ? अभिभावकको छोराछोरीप्रतिको कर्तव्य के हो ? यस कथानाकले यस्ता विषयलाई प्रस्ट्याउन सकेको छैन। केवल शिक्षकको असल भूमिका र जिम्मेवारीले मात्रै विद्यार्थीलाई अभिभावकत्व पुग्दैन । अभिभावकको जिम्मेवारी पनि उत्तिकै मात्रामा आवश्यक पर्दछ भन्ने कुरा मैले यस वृत्तचित्रबाट थाहा पाएको छु ।

*कक्षा-५*

# प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडीको बिदाई



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुने खेलाडीहरुलाई बिदाई गरिएको छ। आइतबार मकवानपुर जिल्ला खेलकुद विकास समितिको कार्यालय परिसरमा एक कार्यक्रमको आयोजना गर्दै जिल्लास्तरीय प्रतियोगिताबाट प्रदेशस्तरीय प्रतियोगितामा छनोट भएका खेलाडीहरुलाई बिदाई गरिएको हो ।

मकवानपुर जिल्लाको प्रतिनिधित्व गरेर आज सोमबार र भोलि मंगलबार हुने प्रदेशस्तरीय प्रतियोगितामा एथ्लेटिक्स, तेक्वान्दो, कराँते, उसु, भलिबल र कबड्डी खेलहरुबाट करिब ९८ जना खेलाडीहरु सहभागी हुँदैछन् । प्रदेशस्तरीय प्रतियोगितामा खेलाडीको नतिजा राम्रो बनाउने उद्देश्यले एक साताको बन्द प्रशिक्षण सम्पन्न गरेर खेलाडीहरुलाई आइतबार चितवन पठाइएको हो ।

यसअघि जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट प्रदेशस्तरीय प्रतियोगितामा छनोट हुने खेलाडीहरुलाई २ साता बन्द प्रशिक्षण राख्ने भनिएता पनि प्रदेशस्तरीय प्रतियोगिताको मिति अचानक सार्वजनिक भएकाले एक सातामात्र बन्द प्रशिक्षणमा राखिएको जनाइएको छ। एक सातासम्म सञ्चालन भएको बन्द प्रशिक्षणमा सहभागी भएका खेलाडीहरुलाई विहान ७ बजेदेखि ९ बजेसम्म र बेलुका ४ बजेदेखि ६ बजेसम्म प्रशिक्षण दिने गरिएको थियो ।

खेलाडीहरुको खानपानको मध्यनजर गरेर बिहान चना, अन्डा, दूध र बेलुका स्याउ, अंगुर र दूध खुवाउने गरेको थियो । बन्द प्रशिक्षणमा खेलाडीहरुको खर्चका लागि हेटौंडा उपमहानगरपालिकाले ६ लाख रुपैया बजेट छुट्याएको थियो । बिदाई कार्यक्रममा जिल्लास्तरीय रनिङ शिल्ड प्रतियोगिताको एथ्लेटिक्स विधातर्फ उत्कृष्ट नतिजा प्राप्त गर्न सफल भएकी दीना गोपालीलाई ट्रयाकसुट पनि प्रदान गरिएको छ ।

प्रदेशस्तरीय प्रतियोगितामा सहभागी खेलाडीहरुको प्रतिनिधित्व गर्न सम्बन्धित खेलका टिम कोच, टिम म्यानेजरसहित करिब १ सय १५ जना चितवन प्रस्थान गरेका छन्। प्रदेशस्तरीय प्रतियोगिताअन्तर्गत् उसु खेल भने काठमाडौंमा हुनेछ । प्रदेशस्तरीय प्रतियोगिताबाट छनोट हुने खेलाडीहरु राष्ट्रियस्तरको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी जनाउन पाउने छन् ।

तेक्वान्दोतर्फका छात्र आदित्य पराजुलीले प्रदेशस्तरीय प्रतियोगिता हुँदै राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी हुने अपेक्षा गरेको बताउनुभएको छ । करिब एक साताको बन्द प्रशिक्षणमा प्रशिक्षकले सिकाएको कुराहरु राम्ररी सिक्न पाएको, मकवानपुरको विभिन्न पालिकाहरुबाट आएका खेलाडीहरुसँग परिचय गर्न पाएको उहाँले बताउनुभयो । विभिन्न ठाउँका खेलाडीहरुमा भातृत्व कायम गर्न बन्द प्रशिक्षणको आवश्यकता रहेको बताउनुहुँदै विद्यालयका विद्यार्थीहरुमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

१३ औं संस्करणको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको तुलनामा यसवर्ष अझ राम्रो नतिजा प्राप्त गर्ने सबै खेलाडीहरुले अपेक्षा गरेका छन्। मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष बेस खड्गीले मकवानपुर जिल्लाको शान बढाउनका लागि सबै खेलाडीहरुलाई अनुशासनको पालना गर्न अग्रह गर्नुभयो। प्रतियोगिमा राम्रो नतिजा प्राप्त गर्नका लागि सबै खेलाडीहरुलाई मिहिनेत गरेर खेल्न उहाँले अनुरोध गर्नुभयो ।

प्रदेशस्तरीस्तरीय प्रतियोगिबाट पदक प्राप्त गर्ने खेलाडीहरुलाई उपमहानगर पालिकामार्फत् सम्मान गर्ने उहाँको भनाइ छ । सभाध्यक्ष आलोक स्याङ्तानले नगद रकमलाई भन्दा पनि खेललाई महत्व दिन आग्रह गर्नुभयो। खेललाई अनुशासित ढंगले प्राथमिकता दिएमा खेलाडीहरु प्रदेश हुँदै राष्ट्रियस्तरमा पुग्ने धारणा राख्नुभयो ।

मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका अध्यक्ष लालकाजीरत्न बज्राचार्यले ९८ जना खेलाडीहरुको नेतृत्व गरेर बन्द प्रशिक्षणमा सहभागी गराएकोमा धन्यवाद व्यक्त गर्नुभयो । बिदाई कार्यक्रममा नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्रप्रसाद घिमिरे, तेक्वान्दो कार्यसमितिका कोषाध्यक्ष रवीन्द्र डंगोलको पनि उपस्थिति रहेको थियो । कार्यक्रम सञ्चालन जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाले गर्नुभएको थियो ।

# सञ्चालनको नीति नबनाई करौडौँको संरचना निर्माण



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले हेटौंडामा पाउडर दूध उत्पादन उद्योग निर्माण गरेको छ । हेटौंडा उपमहानगरपालिका-१०, न्युरेनीमा प्रदेश सरकारको ४७ करोड लगानीमा पाउडर दूध उत्पादन प्लान्टको निर्माण भएको हो ।

उद्योग निर्माण अन्तिम चरणमा पुगेता पनि सञ्चालनको नीति भने निर्माण हुन सकेको छैन । जसले गर्दा पाउडर प्लान सञ्चालनमा अन्योलता देखिएको छ। प्लान्ट निर्माण क्षेत्रमा मेसिनहरु जडान गर्ने काम अन्तिम चरणमा पुगिसकेको प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष टीकाबल्लभ सापकोटाले जानकारी दिनुभयो ।

प्लान्ट निर्माणाधीन अवस्थामा रहेकाले निर्माण कार्य सम्पन्न हुन केही समय लाग्ने सापकोटाको भनाइ छ । सापकोटा भन्नुहुन्छ, 'हाल प्लान्टबाट पाउडर दूध र घिउ उत्पादन गर्न सकिन्छ। हामी प्रशस्त दूध भएको समयमा पाउडर, घिउ बनाउँछौं । दूधको अभाव हुने समयमा पुनः दूध उत्पादन गरी बजारमा पठाउँछौं ।'

पछिल्लो समय मकवानपुरमा दूध उत्पादन बढेसँगै किसाने मिल्क होलिडेको समस्या भोग्नु परेको छ। आफूले उत्पादन गरेको दूध नबिकेर किसान मारमा परेका छन् । प्रदेश सरकारले किसानको समस्या समाधनका लागि प्लान्टको निर्माण गरेको उपाध्यक्ष सापकोटा बताउनुहुन्छ। निर्माण कार्य सम्पन्न भएसँगै मकवानपुर सहित महोत्तरी, सर्लाही, रौतहट, पर्सा, चितवन, नवलपरासी र बारालगायत जिल्लाबाट दूध खरिद गरी ल्याउन सकिने उपाध्यक्ष सापकोटाले बताउनुभयो। प्लान्टमा दैनिक ५५ हजार लिटर दूधबाट धुलो दूध उत्पादन गर्न सकिने उहाँले बताउनुभयो ।

उद्योग सञ्चालन मोडल तय हुन नसक्दा प्रदेश दुग्ध विकास बोर्ड अन्योलमा परेको हो। दुग्ध विकास संस्थान (डीडीसी)ले गत मंसिर १४ गते उद्योगको परीक्षण उत्पादन गरेको थियो । डीडीसीले परीक्षणमा ४ हजार ५ सय ९० लिटर दुध प्रयोग गरेकोमा ३ सय ७५ किलो पाउडर निर्माण भएको थियो । उद्योग सञ्चालनका लागि परीक्षण सफल भएता पनि कसले सञ्चालन गर्ने भन्ने स्पष्ट छैन। सञ्चालनको लागि आवश्यक जनशक्ति, लागत रकम, सञ्चालनको मोडल, कच्चापदार्थलगायतका विषयम मन्त्रालय र बोर्ड अन्योलमा नै देखिएको छ ।

उद्योग सञ्चालनको नीति नभएता पनि उत्पादनको गुणस्तर र मेसिनहरुको प्रभावकारिताका लागि डीडीसीले उद्योगका मेसिन सञ्चालन गर्दै आएको छ । डीडीसीले दैनिक २० हजार लिटर दूधबाट पाउडर उत्पादन गर्दै आएको छ । हालसम्म डीडीसीले ७ लाख लिटर दूध खपत गरेको छ। हाल उद्योगमा डीडीसीले संकलन गर्ने दूधको खपत हुँदै आएको छ । ५५ हजार लिटर दूध खपत गर्ने योजनका साथ निर्माण भएको उद्योग २० हजार लिटर दूध खपत गर्ने गरेको हो ।

निर्माणको चरणमा रहेको उद्योगमा जेनेरेटरको अभाव रहेको छ। जसले गर्दा हाल डीडीसीले नियमित विद्युत् आपूर्तिको भरमा मात्रै उद्योग सञ्चालन गर्दै आएको छ, जसका कारण उत्पादन भइरहेको अवस्थामा लाइन जाँदा कच्चा दूध नै खेर जाने गरेको छ। यता डीडीसीले किसानको असोज महिनादेखिको भुक्तानी दिन बाँकी रहेको छ। डीडीसीले बारा, पर्सा, रौतहट, सर्लाही र मकवानपुरमा गरी लगभग १८ करोड रकम भुक्तान गर्न बाँकी रहेको छ।

सरकारले कोभिड-१९ पश्चात् किसानको दूधको भुक्तानी दिन ढिलाई गर्दै आएको छ । जसले दुग्ध उत्पादक किसान मारमा परेका छन् । किसानले दूधको मूल्य समयमा पाउनुपर्ने भन्दै विभिन्न चरणको आन्दोलनसमेत गरेका छन् । किसानले चरणबद्ध आन्दोलन गरेपश्चात् शनिबार सरकार र दूग्ध उत्पादक किसानबीच सहमति भएको छ। दूध बिक्री गरेबापत किसानले पाउने रकमको भुक्तानी उद्योगहरुले आउँदो चैत २१ सम्म गरिसक्नेलगायतका विभिन्न सहमति भएको छ ।

सरकारले ठूलो रकम लगानी गरेर उद्योग स्थापना गर्ने तर सञ्चालन नहुँदा सरकारको लगानी र किसानले उत्पादन गरेका वस्तुहरु खेर जाने गरेको छ । किसानलाई सरकारले समयमा भुक्तानी दिन नसक्नु, किसानको उत्पादित दूध सरकारले खपत गर्न नसक्नु सरकारको कमजेरी देखिएको छ । किसानमा अन्यौलतासमेत बढेको छ । सरकारको नीति नहुँदा किसानमा निराशा पैदा हुँदै गएको छ ।

## हरपुर च्याम्पियनसीप टि-२०

# कलैयासँग मकवानपुर पराजित

समाज संवाददाता

हेटौंडाः बारा जिल्लाको जितपुर-सिमरा उपमहानगरपालिकामा आइतबारबाट सुरु भएको चौथो संस्करणको जितपुर-सिमरा हरपुर च्याम्पियनसिप टि-२० क्रिकेटमा मकवानपुर पराजित भएको छ। आइतबार भएको उद्घाटन खेलमा मकवानपुर कलैया क्रिकेट क्लबसँग पराजित भएको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको मकवानपुरले २० ओभरमा १० विकेट गुमाएर एक सय १६ रन मात्रै बनाउन सफल भयो । मकवानपुरका ओपनर गौर व खड्काले ४८ रनको योगदान गरे पनि अन्य ब्याट्सम्यानले राम्रो प्रदर्शन गर्न सकेनन् । मकवानपुरका शुभ कंशाकार र असीम श्रेष्ठ शून्यमै आउट हुँदा सूवर्ण भट्टले १४ र राम नरेश गिरीले १३ रन जोड्ने बाहेक अन्य खेलाडीले दोहोरो अंकको रन जोड्न सकेनन्। मकवानपुरलाई सस्तैमा समेट्ने क्रममा कलैयाका शंकर पौडेलले ४ विकेट लिए भने भुलवान सहनीले २ विकेट लिए ।

एक सय १७ रनको लक्ष्य लिएर मैदानमा उत्रिएको कलैयाले १८ ओभर २ बलमा जित हासिल गऱ्यो । कलैयाका लागि ओपनर साहिल पटेलले ५४ रनको योगदान गर्दा निरज यादव र तीर्थराज दासले २० रनको योगदान गरे । मकवानपुरले अब समूह चरणको दोस्रो खेल आज सोमबार युथ क्रिकेट क्लबसँग खेल्नेछ । प्रतियोगितामा ६ वटा टिमको सहभागिता रहेको छ । दुई समूहमा विभाजन गरी खेलाइएको प्रतियोगितामा समूह विजेता र उपविजेता सेमीफाइनल प्रवेश गर्नेछ ।

# चितवन, धादिङ र काभ्रेमा ५ जना मृत फेला

समाज संवाददाता

हेटौँडाः विभिन्न घटनामा ५ जनाको मृत्यु भएको छ । चितवन, धादिङ र काभ्रेपलाञ्चोकमा ५ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको रत्ननगर नगर पालिका-५, झुवानीमा एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा नुवाकोट जिल्ला घर भई हाल झुवानीमा डेरा गरी बस्ने ३५ वर्षीया आशा तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार बिहान ६ बजेको समयमा तामाङ आफ्नै कोठामा वेहोस अवस्थामा फेला परेकी थिइन्। तामाङलाई उपचारका लागि बकुलहर अस्पताल लगिएकोमा डाक्टरले स्वास्थ्यजाँच गर्दा शनिबार बिहान ७ बजेको समयमा मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

चितवन जिल्लाकै कालिका नगरपालिका-१, सुन्दरबस्तीमा एक जना महिला मृत फेला परेकी छन् । मृत्यु कालिका नगरपालिका-२, कमलपुर बस्ने ५० वर्षीया सानुमाया थापा रहेको प्रहरी जनाएको छ। शनिबार थापा दाउरा बेच्न भनी हिँडेकोमा सुन्दरबस्तीमा रहेको एक स्थानीयको गोठमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-१, सिमटारमा एक जना भारतीय नागरिक मृत फेला परेका छन् । मृत फेला पर्नेमा भारतको बिहार प्रदेशको मोतिहारी जिल्ला पूर्वी चम्पारण बस्ने ३५ वर्षीय कुन्दन कुमार साह रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार साहलाई एक्कासी वान्ता हुने, ज्वरो आउने बिरामी भई बोल्न नसक्ने अवस्थामा प्राथमिक स्वास्थ्य केन्द्र गजुरी लगिएकोमा आइतबार बिहान मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

यता काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका-५, चाईनाटाउन पछाडि एक शिशु मृत फेला परेको छ। शनिबार बिहान ८ बजेको समयमा अन्दाजी ३ दिने शिशु मृत फेला परेको प्रहरीले जानकारी दिएको छ । शिशु कस्ले फालेको भन्ने खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ। यस्तै, काभ्रेपलाञ्चोक जिल्लाको रोशी गाउँपालिका-१, चिरिन्टारमा सडकबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ६० वर्षीय कान्छा नेवार रहेको प्रहरीले जानकारी दिएको छ। शनिबार नेवारको खहरेटोलबाट चिरिन्टार जाने कच्ची सडकमा विवाहमा नाच्ने क्रममा लड्दा घटनास्थलमै नै मृत्यु भएको प्रहरीले जनाएको छ ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।






हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।

सुख्खा तथा हावाहूरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानवीय क्षति समेत पुऱ्याउन सक्ने हुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं ।

डिभिजन वन कार्यालय, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ